# उर्लावारी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

## १.सुरक्षित स्थान कार्यक्रम (Safe Space Program) परिचयः

महिला तथा किशोरीमैत्री स्थलहरूको स्थापनाले महिला र बालिकाहरूको मनोसामाजिक स्वास्थ्य, सामाजिक सहयोग र सांस्कृतिक दृष्टिकोणमा सुधार ल्याउन मद्दत गर्ने अपेक्षा  राखिएको छ ।यस परियोजना अन्तर्गत, महिला तथा बालिकाका लागि सूचना, बहुक्षेत्रीय सेवामा पहुँच, उमेर अनुरूपका गतिविधि, र एकीकृत गोप्य लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य सेवाहरू उपलब्ध गराउनका लागि **उर्लावारी नगरपालिकाद्धारा अपाङ्गमैत्री भवन मंगलबारे-३** मा २०८२ माघ देखि "**महिला तथा  किशोरी मैत्री सुरक्षित स्थान कार्यक्रम**" संचालनमा  आएको छ ।यस नगरपालिकाले यी सुरक्षित स्थानहरूलाई जीविकोपार्जन तालिम, वित्तीय साक्षरता जस्ता कार्यक्रमहरूसँग  समन्वय गरि निरन्तर रुपमा अगाडि बढाउने योजना राखेको छ।

यस कार्यक्रमले महिला तथा किशोरीको शारीरिक तथा भावनात्मक सुरक्षाको सम्मान गर्नुका साथै, उनीहरूलाई सूचना खोज्न र सूचनाको आदानप्रदान गर्न, मनोसामाजिक स्वास्थ्य वृद्धि जस्ता आफ्ना अधिकारलाई पहिचान गर्न सहयोग पुग्नेछ।

## २.सुरक्षित स्थानका मुख्य उद्देश्यहरूः

- सबै महिला तथा बालिकालाई लैंगिक हिंसा सम्बन्धी सेवामा सहज पहुँच दिलाउने।
- महिला तथा बालिकाको मनोसामाजिक स्वास्थ्य तथा सामाजिक सञ्जाल निर्माणमा सहयोग गर्ने।
- महिला र बालिकालाई संगठित गर्ने, हिंसाको जोखिम न्यून गर्ने, आवश्यक सूचना र स्रोतमा पहुँच दिलाउने।
- लैंगिक हिंसा पीडितका लागि विशेष सेवा उपलब्ध गराउने प्रवेश बिन्दुका रूपमा कार्य गर्ने।
- महिला तथा बालिकालाई सुरक्षित राख्ने, उनीहरूलाई अधिकार र आवश्यकताबारे सामूहिक रूपमा आवाज उठाउन प्रोत्साहित गर्ने स्थानका रुपमा उपलब्ध गराउने।

## ३.पहुँच र परिचालन :

- गरिब तथा सिमान्तकृत परिवारका किशोरी र महिलालाई कार्यक्रममा आकर्षित गर्न जोड दिइनेछ।
- प्रत्येक किशोरी र महिलालाई सुरक्षित स्थान गतिविधिमा सहभागी हुन पाउने अवसर हुनेछ।
- किशोरीका लागि छुट्टै दिन र समय तोकिनेछ, जसले कार्यक्रमलाई उनीहरूको आवश्यकता अनुरूप बनाउन सहयोग पुऱ्याउनेछ।

## ४. क्षमता अभिवृद्धि

घटना खुलासा भएको अवस्थामा, सबै कर्मचारीले पिडित/प्रभावितका लागि सुरक्षित र नैतिक तरिकाले उपलब्ध सेवाबारे जानकारी दिन पर्नेछ ।

त्यसैगरी, पीडितले घटना खुलासा गरेर referral  सुरु गर्न सहमति दिएको खण्डमा, प्रेशण प्रणालि प्रक्रिया अगाडि बढाउन सकिने छ।

## ५. कार्यान्वयन

सुरक्षित स्थान सत्रहरूले **Girls Shine** पाठ्यक्रमलाई अनुकूलन गरेर महिला तथा किशोरीका लागि समूहगत रूपमा मनोसामाजिक गतिविधि सञ्चालन गरिनेछ।

## ६. नियमित प्रतिक्रिया र अनुगमन

सुरक्षित स्थानहरूले सेवाग्राहीको प्रतिक्रियाका लागि सुझाव बाकसको व्यवस्था गरिएको छ। साथै, सम्पर्क नम्बर मार्फत समेत सेवा सचेतना अभिवृद्धि गरिनेछ। यसका अतिरिक्त, वार्षिक रूपमा गरिने सन्तुष्टि सर्वेक्षण मार्फत पनि प्रतिक्रिया लिइनेछ।

**सम्पर्क नं:उर्लावारी- :९७६१३५५५८६**





